# नेपाल एसबिआई बैंक लिमिटेड

## चौबीसौं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट)

१. **वैधानिक सभा :–**

नेपाल एसबिआई बैंक लिमिटेडको चौबीसौं वार्षिक साधारणसभा कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) एवं बैंकको नियमावलीको नियम ६ को उपनियम (२) बमोजिम संचालकहरुले आफूमध्येबाट छानेको/मनोनित गरेका संचालक श्री केशव राज आचार्यज्यूको अध्यक्षतामा देहायबमोजिम सम्पन्न भयो ।

२. **सभाको मिति, स्थान तथा समय :-**

| | | |
|---|---|---|
| मिति | : | वि.सं. २०७४ पौष १९ गते (तदनुसार ३ जनवरी २०१८) बुधवार । |
| स्थान | : | त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं । |
| समय | : | दिनको ११:०० बजे । |

३. **उपस्थिति :–**

**क) संचालकको उपस्थिति :**

| | | | |
|---|---|---|---|
| १. | श्री केशव राज आचार्य | : | सभाध्यक्ष /संचालक |
| २. | श्री सुजित कुमार वर्मा | : | संचालक |
| ३. | श्री भी.के.त्यागी | : | संचालक |
| ४. | श्री दीपक रौनियार | : | संचालक |
| ५. | श्री अनुकूल भटनागर | : | प्रबन्ध संचालक |

**ख) पर्यवेक्षकको उपस्थिति :**

| | | | |
|---|---|---|---|
| १. | श्री राजेन्द्र थापा | : | पर्यवेक्षक, कम्पनी रजिष्ट्रारको कार्यालय |

**ग) व्यवस्थापन पदाधिकारीको उपस्थिति :**

| | | | |
|---|---|---|---|
| १. | श्री शुभकान्त कानुनगो | : | नायव सिइओ/प्रमुख संचालन अधिकृत |
| २. | श्री प्रियरंजन | : | प्रमुख वित्तीय अधिकृत |
| ३. | श्री छपि राज पन्त | : | प्रमुख जोखिम तथा अनुपालना अधिकृत |
| ४. | श्री देवराज अधिकारी | : | प्रमुख कर्जा अधिकृत |

कम्पनी सचिव

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

| | | | |
|---|---|---|---|
| ५. | श्री रमेश घिमिरे | : | कम्पनी सचिव |
| ६. | श्री लेखनाथ पोखरेल | : | प्रमुख-लेखा परीक्षण विभाग |
| ७. | श्री सन्तोष कुमार भण्डारी | : | प्रमुख- वित्त तथा योजना विभाग |

**घ) आमन्त्रितको उपस्थिति :**

| | | | |
|---|---|---|---|
| १. | श्री पूर्णमान शाक्य | : | कानूनी सल्लाहकार |
| २. | श्री एल. पि. लुइटेल | : | बाह्य लेखापरीक्षक - प्रतिनिधि पि.एल.श्रेष्ठ एण्ड कं, चार्टर्ड एकाउण्टेन्टस् |
| ३. | श्री शशी सत्याल | : | प्रतिनिधि टि.आर.उपाध्याय एण्ड कं, चार्टर्ड एकाउण्टेन्टस् |

**ङ) अन्य उपस्थिति :**

| | | | |
|---|---|---|---|
| १. | श्री दामोदर खड्का | : | निर्वाचन अधिकृत |

**च) शेयरधनीको उपस्थिति :**

| | | |
|---|---|---|
| स्वयं उपस्थित | : | १,०७९ जना । |
| प्रतिनिधि मार्फत उपस्थित | : | - |

**४. सभामा प्रस्तुत छलफलका विषयहरू :–**

**क) सामान्य प्रस्ताव :**

१. आ.व. २०७३/७४ का लागि संचालकसमितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदनसहितको आ.व.२०७३/७४ को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०७४ को वासलात, आ.व.२०७३/७४ को नाफानोक्सान हिसाब र सोही अवधिको नगदप्रवाह विवरण, नाफानोक्सान बाँडफाँड हिसाब लगायत वार्षिक आर्थिक विवरणसँग सम्बन्धित अनुसूचीहरु समेत) छलफल गरी पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेडको आ.व.२०७३/७४ को वित्तीय विवरण सहितको एकीकृत (consolidated) वित्तीय विवरण स्विकृत गर्ने ।

४. संचालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई रु.५,६५,८४,५७९/- बराबर (चुक्ता पूँजीमा ०.८१% का दरले) नगद लाभांश (बोनश शेयर तथा नगद लाभांशमा लाग्ने कर सहित) वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

कम्पनी सचिव

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

५. बैंकको लेखापरीक्षण समितिले सिफारिश गरे अनुसार आ.व.२०७४/७५ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।

६. सर्वसाधारण शेयरधनीको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने एक जना संचालकको निर्वाचन गर्ने ।

७. विविध (अध्यक्षज्यूको अनुमतिमा) ।

**ख) विषेश प्रस्तावः**

१. बैंकको संचालक समितिले प्रस्ताव गरेअनुसार शेयरधनीहरुलाई रु.१,०७,५१,०७,००१/- बराबर (चुक्ता पूँजीमा १५.४२ % का दरले) बोनस शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

२. माथि विशेष प्रस्ताव नं.१ बमोजिम कम्पनीको जारी तथा चुक्ता पूँजीमा परिवर्तन गर्नुपर्ने भएका कारण तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र कम्पनी ऐन, २०६३/कम्पनी पहिलो संशोधन ऐन, २०७४ मा भएको संशोधनका कारण बैंकको प्रबन्धपत्र तथा नियमावलीको विभिन्न दफा/नियममा संशोधन गर्नुपर्ने भएकाले कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको विभिन्न दफा/नियममा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

३. बैंकले आ.व. २०७३/७४ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा फेवाताल सौन्दर्यकरण तथा सरसफाई परियोजना लगायतका विभिन्न संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम संचालन गर्न गरिएको खर्च रु.५८ लाख १९ हजार ८ सय ८१ तथा पैसा ७९ कम्पनी ऐन, २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सीमा नाघेको हुँदा सो अन्तरगत भएको खर्च रु.५८,१९,८८१/७९ लाई अनुमोदन गर्ने ।

४. नियामक निकायहरुको निर्देशनमा प्रबन्धपत्र तथा नियमावलीका प्रस्तावित संशोधनहरुमा परिमार्जन गर्न आवश्यक र उपयुक्त भएमा सो गर्न संचालकसमितिलाई अधिकार प्रदान गर्ने ।

५. विविध (अध्यक्षज्यूको अनुमतिमा) ।

सर्वप्रथम बैंकको संचालक समितिका उपस्थित सदस्यहरू, आमन्त्रित एवं पर्यवेक्षक महानुभावहरू र बैंक व्यवस्थापनका कर्मचारीहरूले मञ्च(डायस)मा आई आसन ग्रहण गर्नुभयो ।

**५.गणपुरक संख्या :–**

कम्पनी सचिव

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.